उमाकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल
फोन नं ०४८-६९१९२७

पत्र संख्या: २०८२।८३
च.नं. २६८६

मितिः २०८३।०३।३२
११४६ दिल्लाध्व दितिय

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !**

प्रस्तुत विषयमा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक, अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयको च.नं ६७० मिति २०८३।०३।३१ को पत्रानुसार सामाजिक सुरक्षा नियमावली (तेस्रो संशोधन), २०८२ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को नियम ७ (१) अनुसार सामाजिक सुरक्षा भत्ता पाइरहेका लाभग्राहीहरूले आ.व. २०८३/०८४ का लागि सामाजिक सुरक्षा भत्ता परिचयपत्र अनिवार्य नवीकरण गर्नु पर्ने प्रावधान भएको हुँदा २०८३ सालको श्रावण १ गतेदेखि असोज महिनाको मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा आफै उपस्थित भई बायोमेट्रिक डिभाइस (Finger/Iris Scanner) मार्फत नाम नवीकरण गर्नु पर्ने व्यवस्था भएकाले निर्धारित समयमा आफ्नो नाम दर्ता गराउनु हुन सम्पूर्ण लाभग्राहीहरूलाई अनुरोध छ। साथै २०८३ भदौ मसान्तभित्र नविकरण गराउनु हुने लाभग्रहीहरूको पहिलो त्रैमासिक र असोज महिनामा नवीकरण गर्नुहुने लाभग्रहीहरूको पहिलो त्रैमासिक भत्ता रकम दोस्रो त्रैमासिकमा मात्रै निकासा गरिने हुँदा समयमै नवीकरण गर्नुहुन अनुरोध छ । तोकिएको समयसीमाभित्र नवीकरण नभएमा लाभग्राहीहरूको लगत सामाजिक सुरक्षा भत्ता प्रणालीमार्फत स्वतः हट्नेछ। त्यसबाट उत्पन्न हुने असुविधा वा जिम्मेवारी सम्बन्धित लाभग्राही वा निजको संरक्षक स्वयं हुनेछ ।

**नवीकरण गर्नका लागि चाहिने आवश्यक कागजातहरू :**

| | | |
|---|---|---|
| १. अनुसूची (३) बमोजिमको नवीकरण फाराम | २. सामाजिक सुरक्षा परिचय पत्र | ३. राष्ट्रिय परिचयपत्र |
| ४. नागरिकता प्रमाणपत्रको प्रतिलिपि | ५. दलित बालबालिकाको हकमा जन्मदर्ता प्रमाण पत्र | |
| ६. विधुवाको हकमा पतिको मृत्यु दर्ता प्रमाण पत्र वा सम्बन्ध विच्छेद / अविवाहित प्रमाणपत्र प्रतिलिपि | | |
| ७. पूर्ण अपाङ्ग / अति अशक्त अपाङ्गको- अपाङ्गता परिचय पत्र, नागरिकता प्रमाणपत्र | | |
| ८. सामाजिक सुरक्षा भत्ता परिचय पत्र नवीकरण गर्न आउँदा अर्थिक वर्ष २०८२।०८३ मा को एकिकृत सम्पत्ति कर (व्यवसाय कर समेत) तिरेको रसिद अनिवार्य रूपमा साथमा ल्याउनु पर्नेछ । | | |

नोटः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को दफा ५ बमोजिम सोह्र वर्ष उमेर पूरा नभएको बालबालिका, नब्बे वर्ष भन्दा माथिका ज्येष्ठ नागरिक, पूर्ण अपाङ्ग (क वर्ग), आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्तिहरूको हकमा राष्ट्रिय परिचय पत्र नंम्बर नभएको भए पनि सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न बाधा पर्नेछैन।

कार्यार्थ :

श्री वडा कार्यालय (सबै) : सूचना सम्प्रेषण गरिदिनु हुन अनुरोध छ ।

श्री सूचना तथा प्रविधि शाखा : सूचना वेबसाइट, सामाजिक सञ्जालमा अपलोड गर्नुहुन ।

२०८३।०३।३२
डवा शेर्पा
प्रमुख प्रशासकीय अधिकृत